# २ परमेश्वर को हुनुहुन्छ भनेर जान्नु

__*यस अध्यायको निम्ति पढ्नुहोस्:*__ *प्रस्थान ३:१-१५, १२:१-३६, २०:४,५, ३२:१-६ र ३३:१२-२३।*

__*हृदयङ्गम् गर्नुपर्ने पद:*__ " 'म तिमीहरूको परम प्रभु परमेश्वर हुँ। मैले नै तिमीहरूलाई मीश्र अर्थात् इजिप्तबाट ल्याएँ। त्यस देशमा तिमीहरू दासत्वको जीवन बिताइरहेका थियौ। मेरो स्थानमा तिमीहरूले कुनै पनि देवीदेवताहरूलाई नराख्नु।' "( प्रस्थान २०:२,३ रूपान्तरित)।

प्रभु येशूले इनारमा पानी लिन आएकी महिलालाई यसरी सम्वोधन गर्नुभएको थियोः " 'तिमी सामरीहरू पूजा त गर्छौ तर कसलाई आराधना गरिरहेका छौ सो तिमीहरूलाई थाहा छैन। तर हामी कसको पूजा गर्छौं सो हामीलाई थाहा छ। मुक्ती यहूदीबाट आउँछ।' " (यूहन्ना ४:२२ रूपान्तरित)। सोच्नुहोस् त ! तपाईंले पूजा त गरिरहनुभएको छ तर कसको पूजा गरिरहनुभएको छ सो तपाईंलाई थाहा छैन। यथार्थमा सबै संसारले यहि गरिरहेका थिए र गरिरहेका छन् भन्नुमा अत्युक्ति नहोला। तिनीहरूले आराधना, स्तुती, उपासना थाहै नपाएकोलाई गरिरहेका छन्। शक्ति, अधिकार, धनसम्पत्ती, लोकप्रियता र अहँतालाई यादै नगरि देवता जस्तो बनाएर मानिसहरूले पूजा गरिरहेका छन्। ती मानिसहरूले यस्ता नाश्वर तत्वहरूलाई पूजा गर्दछन् जसले उद्धार गर्न सक्दैनन्।

हामी इसाई हौं भनेर दावी गर्नेहरूले यी प्रश्नहरू भित्री हृदयमा केलाएर सोध्नुपर्दछः हामीले कसको उपासना गरिरहेका छौं के हामीलाई थाहा छ? हामीहरूका मूखताले गर्ने आराधना, स्तुती र आदरभक्ति कुन परमेश्वरलाई गरिरहेका छौं के हामीलाई थाहा छ? उहाँ को हुनुहुन्छ? उहाँको नाउँ के हो? उहाँ कस्तो हुनुहुन्छ होला?

इस्रायली जनहरूको प्रारम्भिक बृतान्तहरू संक्षिप्त रूपमा यस अध्यायमा हामी हेर्नेछौं। परमेश्वरसँग भएको इस्रायलीहरूको

अनुभवद्वारा हामीले पनि उहाँ को हुनुहुन्छ भन्ने आत्मज्ञान हामी सिक्नेछौं। किनभने, हामीले नजानेको परमेश्वरको उपासना गर्नुको औचित्य के छ र?

## १. पवित्र भूमि (प्रस्थान ३:१-१५)

जङ्गलमा जलिरहेको झाङ्ग देख्नु मोसाको निम्ति कुनै नौलो तथा अनौठो कुरो नहुन सक्ला। चत्याङ्ग वा विधिध कारणले जङ्गलका झारपात वा रूखहरू जलेको शायद मोसाले धेरै देखेका होलान्। झाडी जलिरहेको तर हरियोको हरियै भइरहेको त मोसाले कहिलै पनि देखेका थिएनन्। त्यो झाडी खरानी नभएर जलेको जलै भइरहेको थियो। त्यस समय आफूले अचम्मको महान् दृष्य हेरिरहेको छु भनेर मोसाको दिमागमा पसिरहेको थियो।

प्रस्थान ३:१-१५मा सत्य जीवित परमेश्वरको उपासना गर्ने शैलीलाई औंल्याएको हामी पाउँछौं। ती पदहरूमा के उल्लेखनिय सत्यहरू प्रस्तुत गरेका छन् जसले हामीलाई परमेश्वरको आराधना गर्न सिकाउँछन्?

परमेश्वरको पवित्रतालाई सुरूदेखि नै उपर्युक्त पदहरूमा औंल्याइएको हामी पाउँछौं। कुन भावनाले अभिप्रेरित भएर परमेश्वरको सामु आउनुपर्छ भन्ने आवश्यकता पनि हामीले यहाँ देख्छौं। "जुत्ता खोल" भनेर परमेश्वरले नै मोशालाई निर्देशन दिनुभएको थियो। जहाँ परमेश्वरको उपस्थिति हुन्छ त्यो ठाउँ पवित्र स्थान हुन्छ। परमेश्वर र मोशाको बीचमा भएको स्पष्ट भिन्नतालाई यहाँ तेर्स्याएको हामी पाउँछौं। मोसा पापी मानिस हो जसलाई परमेश्वरको अनुग्रहको आवश्यकता थियो। जब हामी परमेश्वरकहाँ सत् उपासना गर्न आउँछौं तब देहायका मनोबृत्तहरूले अभिप्रेरित भएर आउनुपर्दछः अगाढ आदर, श्रद्धा, पवित्र भय, कृतज्ञता आदि।

फेरि सत् उपासनाको अर्को पक्ष भनेको जब हामी परमेश्वरको आराधना गर्न आउँछौं तब हाम्रो आराधनाशैलीको केन्द्रविन्दु उहाँ नै

हुनुपर्दछ। जब परमेश्वरले मोशालाई कामको लागि खताउनु भयो तब उनको प्रतिक्रिया यस्तो थियो, "म को हुँ र यस्तो काममा जाने?" यसबेला उनको कमजोर, आवश्यकता डरको केन्द्रविन्दु आफै भएको थियो। तर जब परमेश्वरको सदाशयताको अनुभव गरेपछि आफूलाई केन्द्रित गर्ने भावनामा परिवर्तन ल्याए। परमेश्वर र उहाँको खुबीमा उनको ध्यानार्कषण भयो। हामीले गर्ने परमेश्वरको आराधना अर्थात् पूजा गर्न सम्पूर्ण शैलीमा हामी तथा हाम्रो खुबीमा होइन तर उहाँमा केन्द्रित हुनुपर्छ भन्ने कुरालाई आत्मसात् गर्नु कत्तिको महत्व छ त !

यसले फेरि आराधना गर्ने शैलीमा अर्को महत्वपूर्ण बुँदामा उन्मुख गराउँदछ। परमेश्वरको उपासना गर्नु भनेको मुक्ति र पापबाट स्वतन्त्र भएको प्रत्याभूति पाउनु हो। इजिप्त अर्थात् मीश्र देशबाट बहिर्गमन एक प्रतिकको रूपमा खडा भएको हामी पाउँछौंः त्यो हो येशूमा हामी सबैले पाउने मुक्ति (१ कोरन्थी १०:१-४)। आफू को हो भनेर पहिचान दिन मात्रै परमेश्वर मोशाकहाँ देखा पर्नुभएको होइन। इस्रायली जनहरूलाई महान् उद्धार गर्ने प्रक्रियाको बोध गराउन परमेश्वर मोशाकहाँ देखा पर्नुभएको थियो। यहि प्रकारले येशू हामीकहाँ केवल परमेश्वर को हुनुहुन्छ भनेर देखाउन र उहाँको बारेमा सिकाउन आउनुभएको होइन। अहँ, उहाँ त हाम्रो पापको निम्ति मर्न आउनुभएको थियो। हामीलाई असली स्वतन्त्र गर्न येशू आउनुभएको हो। यसैको निम्ति उहाँले आफ्नो ज्यान दिनुभएको थियो। पापले गर्दा हामी क्रुसमा मर्नु पर्ने ठाउँमा येशू नै मर्न आउनु भयो। येशूको मृत्युले परमेश्वरको बारेमा धेरै धेरै कुराहरू थाहा पाउन सक्दछौं। तर निचोढमा भन्ने हो भने येशू आउनुभएको कारणचाहिँ हाम्रो पापको ज्याला तिर्न हो। पापबाट असली स्वतन्त्र दिन येशू आउनुभएको हो। परमेश्वरले हामीलाई कस्तो खालको स्वतन्त्र दिनुहुन्छ भनेर देखाउने प्रतिक नै उहाँले इस्रायलीहरूलाई के गर्नुभयो सो हो। जसरी इजिप्तको दासत्वबाट एक राष्ट्रलाई परमेश्वरले स्वतन्त्र गर्नुभयो त्यसरी नै हामीलाई पनि पापको राजबाट उहाँले राहत दिनुहुन्छ।

येशूबाट उपलव्ध भएको मुक्ति र क्रुसको बारेमा तपाईँ कत्तिको बिचार गर्नुहुन्छ? वा के तपाईँ मुक्ति नदिने अरू कुराहरूमा धेरै ध्यान दिनुहुन्छ? तपाईँको जवाफले तपाईँको बारेमा के भन्दछ?

## २. जेठाको मृत्युः निस्तार चाढ र परमेश्वरको आराधना (प्रस्थान १२:२७)

अङ्ग्रेजी शव्द वरशिप (worship) अर्थात् आराधना भन्ने शव्द हिब्रू भाषामा त्यस शव्दको जड अनुसार अनुवाद गरिन्छ। यसको अर्थ हो "निहुराउनु" वा "साष्टाङ्ग दण्डवत्" गर्नु हो। त्यहि कुरा दोहऱ्याउनु वा फेरि फेरि गर्नु भन्ने यो क्रियापद शव्दले देखाउँछ भनेपनि हुन्छ। परमेश्वरमा अगाढ श्रद्धा र आभार राख्दै साष्टाङ्ग दण्दवतको प्रक्रियालाई अगाडि बढाउनु भनेको के हो भन्ने कुरा सबैलाई थाहा छ।

प्रस्थान १२:१-३६मा उल्लेखित प्रथम् निस्तार चाढको रातको बारेमा पढ्नुहोस्। येशूको सुसमाचार नै हाम्रो सबै आराधनाको केन्द्रविन्दु हुनुपर्दछ। माथिका बृतान्तमा सुसमाचारलाई कसरी चित्रण गरिएको छ?

यदि बाहिर ढोकाको चौकोसमा रगत नछर्केको भए इस्रायलीहरूका जेष्ठ सन्तानले मृत्युको सामना गर्नुपर्ने थियो। तिनीहरूको निम्ति जेठो सन्तान भनेको जेठो छोरो भन्ने जनाउँछ। जेठो छोरोले घरमा बिषेश अधिकार र उत्तरदायित्व वहन गरेको हुन्थ्यो। पछि आएर जेठा छोराहरूका सट्टामा लेबीहरूले ठाँउ लिएका थिए (गन्ती ३:१२)। इस्रायलीहरू नै परमेश्वरका "जेठो जन्मेका" सन्तान हुन् भनेर कहलाइएको छ (प्रस्थान ४:२२)। सृष्टिकर्ता परमेश्वर र इस्रायलीहरूको बीचमा बिशेष घनिष्ठ सम्बन्ध गाँसेको छ भनेर यस प्रतिकले देखाउँदछ। नयाँ करारमा येशूलाई सबैभन्दा पहिला जन्मेका अर्थात् जेठो छोरो भनेर सम्वोधन गरिएको छ (रोमी ८:२९, कलस्सी १:१५,१८)। इस्रायलीका जेठा सन्तान कसरी मृत्युबाट जोगे भनेर प्रस्थान १२:१-३६मा उल्लेख गरेका छन्। तर "जेठो" येशूचाहिँ

मर्नुपरेको थियो। घरको ढोका बाहिरको चौकोसमा छर्किएको रगतले येशूको मृत्युलाई प्रतिविम्व गरेको थियो। येशू हाम्रो बिकल्पमा मर्नुभएको हो भनेर त्यस प्रभाशाली प्रतिकले देखाउँदछ। मृत्युको निम्ति योग्य भएका तर परमेश्वरबाट उद्धार पाएका सबै जनहरूको निम्ति जेठो छोरोको रूप धारण गरेर येशू मर्नुभयो भनेर (हिब्रू १२:२३) चोकोसमा छर्किएको रगतले जनाउँदछन्।

मीश्र अर्थात् इजिप्तमा इस्रायलीहरूले डर मान्दै उनीहरूका मालिकका सेवा गरेका थिए। अब तिनीहरूले सच्चा आराधना भनेको तिनीहरूलाई उद्धार गर्न शक्ति भएका त्यस परमेश्वरको प्रेम र कृतज्ञतासाथ उपासना गर्नु हो भनेर सिक्ने क्रममा अग्रसर हुँदै गएका थिए। परमेश्वरलाई प्रेम गर्न र उहाँप्रति बढि आभार व्यक्त गर्न तपाईं कसरी सिक्न सक्नुहुन्छ? त्यो प्रेम र आभारलाई पापले कसरी सजिलैसँग नष्ट गर्न सकिन्छ?

## ३. अरु कुनै देवीदेवताहरूको उपासना गर्न पाइन्दैन (प्रस्थान २०:१-६)

यो दृष्यको कल्पना गर्नहोस्: सीनै पहाड बादलले ढाकिएको थियो। सारा पहड भुकम्पले कम्पायमान भएको थियो। त्यहाँ बिजुली चम्किरहेको थियो। शहनाईको घनघोर आवाजको स्वर आइरहेको थियो। मानिसहरू भयले कम्पायमान भएका थिए। इस्रायलका परमेश्वर पवित्र पहाडमा ओर्ल्हनु भएकोले सारा पहाड बातावरणमा धुँवा भरिएको थियो (प्रस्थान १९:१६-१९)। ती बादल र धुवाँको बीचमा परमेश्वरले आफ्नो महान् महिमा तथा शक्ति देखाउनुभएको थियो। अनि तिनीहरूका उद्धारकर्ताले प्रथम् चारवटा आज्ञा तथा नितिनिर्देशनहरूको घोषणा गर्नुभयो। ती सिधै परमेश्वरलाई गर्ने उपासनासँग सरोकार भएका आज्ञाहरू थिए।

प्रस्थान २०:१-६ पढ्नुहोस्। परमेश्वरले तोक्नुभएका आराधना, उपासना तथा भक्तिका मर्महरूलाई कसरी महत्वपूर्ण रूपमा ती पदहरूमा औँल्याइएका छन्?

इस्रायलीहरूलाई कसरी पापको दासत्वबाट छुटकारा दिइयो भनेर सम्झाउँदै परमेश्वरले दश आज्ञा सुरु गर्नु हुन्छ। केवल परमप्रभु परमेश्वर, सत्य परमेश्वर, जगतका स्वामीले मात्र त्यस्तो कार्य सम्पन्न गर्न सक्नुहुन्थ्यो। इजिप्त अर्थात् मीश्र जस्ता देशहरूमा भएका मानव निर्मित देवीदेवताहरू केवल काल्पनिक मात्र थिए। ती मानव निर्मित काल्पनिक भगवानहरूले कसैलाई पनि पापको दासत्वबाट मुक्ति दिन सक्दैनन्। अपवित्र दुष्ट बिचार, भावना र विभिन्न क्रियाकलापका कथाहरूले ती देवीदेवताहरूका पुराण भरिएका थिए। मानिसले नै सृष्टि गरेका ती भगवानहरू हुन् भनेर तिनीहरूका स्वभावले देखाउँथ्यो (तिनीहरूले दर्शाएका गुण अवगुणहरूले मानिसका स्वभावको प्रतिविम्व गर्दथे)। ती देवीदेवताहरूको स्वभाव बितपरित जगतको स्वामी परमेश्वर पिता परमेश्वर  दयालु, सदाशयी, त्यागी सृष्टिकर्ता र उद्धारकर्ता हुनुहुन्थ्यो। विभिन्न देशका काल्पनिक देवीदेवता तथा भगवानहरूप्रति देखाइएको आस्थाको प्रभावले ती इस्रायलीहरूलाई सयौं वर्षसम्म घेरिएको थियो। अब तिनीहरूका परमप्रभु जगतका स्वामी र केवल एकमात्र जीवित जिउँदो महान् परमेश्वरको पहिचान ती इस्रायलीहरूमा हुनुपरेको थियो। परमेश्वर र उनीहरूको बीचमा गरिने करार तथा सम्झौतामा पस्न असली परमेश्वरको आत्मज्ञान हुनु अत्यन्त जरुरी थियो। कस्तो खालका परमेश्वरसँग तिनीहरूले सम्बन्ध गाँसिरहेका छन् सो जान्नु तिनीहरूको निम्ति नितान्त आवश्यक थियो।

माथि उल्लेख गरिएको पृष्ठभूमिलाई बिचार गर्दा प्रस्थान २०:४,५मा परमेश्वरले दिनुभएको निर्देशनलाई राम्ररी बुझ्न कसरी सहायता गर्दछ? यसमा के यस्ता मूल तत्व छ जसबाट हामी सिक्नसक्छौं र बर्तमान परिप्रेक्ष्यमा पनि त्यसलाई हामी अपनाउन सक्छौं?

एलेल जी. ह्वाइटले यो उद्धार कोर्नुभयो: “यस संसारमा यस्ता कुनै बस्तु हुनसक्छ जुन हाम्रो हृदयमा झुन्ड्याइ राखेका हुन्छौं। तर कतिपय त्यस्ता कुराले हामीलाई परमेश्वरको प्रेमलाई अवमूल्यन

गराउन सक्छ र उहाँको सेवा गर्न बंचित गराउन सक्छन्। यी नै हाम्रो निम्ति गलत देवीदेवताहरू बन्न पुग्दछन्।" पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३०५बाट रूपान्तरित। यो प्रश्न आफूले आफैलाई सोध्नु होस्: सत्य तथा जीवित जिउँदो महान परमेश्वरको उपासना गर्नबाट बंचित गरि राख्न मेरो जीवनमा के यस्ता देवीदेवताहरूलाई पाली राखेको छु? त्यसलाई कसरी हटाउने?

## ४. "यिनीहरू नै तिमीहरूका देवीदेवताहरू हुन्" (प्रस्थान ३२:१-६)

प्रस्थान ३२:१-६ पढ्नुहोस् र देहायका प्रश्नहरूका जवाफ दिनुहोस्:

क. गलत ढँङ्ग वा नियतले उपासना गर्ने यो प्रभावशाली उदाहरणको सुरूवाट कुन घट्नाबाट सुरू भयो? यस बाट हामी सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तले के पाठ सिक्न सक्छौं?

ख. भ्रामिक देवता कुन् तत्वहरूबाट बनाइएको थियो? यस्तो खालको आराधना बेकारको छ भनेर हामीलाई कसरी औंल्याइएको छ?

ग. मुर्तीलाई स्थापना गरेर तिनीहरूले पूजा गरेको र सनातनका परमेश्वरलाई आराधना गर्ने शैलीमा के भिन्नता छ?

"मात्तिएर खेल्न तिनीहरू जागे। तिनीहरूले आफ्ना शरीरलाई भ्रष्ट बनाए। तुरन्तै तिनीहरू पाप गर्न हिचकिचाएन" (प्रस्थान ३२:१-६)। यस्तो शैलीले के परमेश्वरको उपासनाको सत्यतालाई जनाउँछन् र?

ती इस्रायली जनसमूहमा मिश्रित भिंड थियो। के–के न पाउँला भनेर इस्रायलीहरूसँग मीश्रीहरू हिँडेका थिए। उनीहरूको साथमा हिब्रू महिला वा पुरूषहरूसँग बिबाह गरेका दम्पतीहरू पनि थिए। यस्ता जमातले हारुनलाई आफूहरूले मीश्रदेशमा पूजा गरेका देवता बनाउन उक्साए। जब त्यहाँ चर्को स्वरले हल्लाखल्ला गरेको यहोशूले सुने तब उनले मोशालाई भने कि तल शिविरमा लडाईं भइरहेको छ। तर मोशा इजिप्तको राजकिय दरवारमा जीवन बिताएका थिए। कस्ता खालका

हल्लाखल्ला ती थिए भनेर उनलाई राम्ररी जानकारी थियो। मात्तिएर नाचेका, चर्को स्वरको सङ्गित बजाउँदै चिच्याउँदै गाइरहेका र इजिप्तका देवीदेवताका मूर्तीहरूलाई अन्यौलतापूर्वक पूजा गरेका उनलाई राम्ररी नै थाहा थियो (प्रस्थान ३२:२२)।

तर जब सत्य परमेश्वरको तिनीहरूले उपासना गरे तब अत्यन्त श्रद्धाभक्ति साथ उचित तरिकाले गरेका थिए। तर अहिले सुन पगालेर ढालेका बाछ्रोलाई पूजा गर्दा तिनीहरू पनि पशु सरहको व्यवहारमा जाकिएका थिए। तिनीहरूले "सत्य महिमित तथा तेजस्विमय परमेश्वरलाई घाँस खाने साँढेसँग सट्टापट्टा गरे" (भजन १०६:१९,२० रूपान्तरित)। जस्तो देवतालाई हामी पूजा गर्छौं त्यो भन्दा माथि सतहमा हामी उक्लन्दैनौं भन्ने ध्रुव सत्यलाई तपाईंले के भन्ने?

चलन चल्ती, संस्कार, परम्परा वा संस्कृतिको नाउँमा तिनीहरूले सत्य परमेश्वरको उपासना गर्न सजिलैसँग कसरी छाडे? स्थानिय परम्पराले तिनीहरूलाई कसरी छिट्टै ढाके? हामीले पनि परमेश्वरको आराधना गर्ने नाउँमा त्यहि पासोमा नपर्न कसरी सचेत हुने?

## ५. "तपाईंको महिमा मलाई देखाउनुहोस्" (प्रस्थान ३३:१२-२३)

सुनको बाछ्रोलाई पूजा गर्दा इस्रायली जनताले परमेश्वरसँगको सम्झौता भङ् गरेका थिए। झुठा देवतालाई पूजा गरि पापमा फस्दा तिनीहरूले परमेश्वरको नाउँलाई अपमान गरेका थिए। यो अपमानको सजायँ दिन परमेश्वरले ती हठि इस्रायलीहरूको नाश गर्न परमेश्वर अग्रसर हुनुभएको थियो। तर मोशाले तिनीहरूको जीवनको निम्ति याचना गरे (प्रस्थान ३२:३०-३३)। ती इस्रायलीहरूले भयङ्कर पाप गरेका थिए। ती ढिपिवाल इस्रायलीहरूलाई के गर्ने सो गर्न तिनीहरूले लगाएका गहनाहरू फुकाल्न परमेश्वरले आज्ञा दिनुभयो (प्रस्थान ३३:४, ५)। जसले राजीपूर्वक गहनाहरू फुकाले तिनीहरू परमेश्वरसँग एक हुन पछुताव गरेका थिए भनेर देखाएका थिए (प्रस्थान ३३:४-६)।

यस प्रक्रियाले तिनीहरू क्षमा पाए र परमेश्वरसँगको सम्वन्धमा पुनःस्थापना भएका थिए।

मोशाले जुन कुरा परमेश्वरसँग याचना गरे त्यो किन गरे त (प्रस्थान ३३:१२-२३)? मोशाले के सिक्न चाहेका थिए? ती कुराहरूको आवश्यकता छ भनेर मोशा किन विश्वस्त भएको थियो?

परमेश्वरको महिमा हेर्ने सदिच्छा मोशालाई उत्सुकताको कारणले भएको थिइ। परमेश्वरका जनहरूले लज्जापूर्ण बातावरणमा फसेर पाप गरेपछि उहाँको उपस्थिति चाहनाको भित्रैदेखि भोको भएको मोशाले महशूस गरेका थिए। ती मानिसहरूका पापमा मोशा सहभागी भएका थिएनन्। तर त्यसको असर उनमा पनि परेको थियो। चर्चको अरू सदस्यहरूसँग अलग भएक हामी बस्न सक्दैनौं। एकलाई जे असर गर्छ अर्कोलाई पनि कुनै न कुनै रूपमा छुन्दछन्। यो महत्वपूर्ण कुरालाई हामीले कहिलै पनि बिर्सनु हुँदैन।

प्रस्थान ३३:१३लाई गहिरिएर हेर्नुहोस्। “प्रभु म तपाईंलाई हेर्न चाहन्छु, चिन्न चाहन्छु” भनेर मोशाले अनुनय बिन्ति गर्दछन्। परमेश्वरले मोशाबाट धेरै कामहरू गर्नुभएको थियो। यद्यपि, आफ्नो कमिकमजोरी, निरिहता र आवश्यकताप्रति मोशा अत्यन्त संवेदनशील भएको थियो। त्यसकारण उनी परमेश्वरसँग अति नजिक हुन चाहेका थिए। जुन परमेश्वरमाथि उनी भर पर्नु परेको थियो, त्यस परमेश्वरको बारेमा अझ जान्न उनी चाहेका थिए। सयौ वर्ष पछि येशूले भन्नुभएको यो बिचार अत्यन्त घटलाग्दो विषय हो, उहाँले भन्नुभएको थियो, “अनन्त जीवन भनेको के हो त? तपाईं सत्य परमेश्वरलाई जान्नु र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई जान्नु हो।“ (यूहन्ना १७:३ रूपान्तरित)। मोशाले परमेश्वरको महिमा हेर्न चाहेका थिए। आफ्नो पाप र निरिहतालाई मोशाले अझ बुझ्न चाहेका थिए। यसरी नै परमेश्वरमा पूरा भरोसा राख्न उनले सिक्न सक्थ्यो। परमेश्वरले मोशालाई के गर्न खटाउनु भयो हेर्नुहोस् त? कस्ता खालका चुनौतीहरू मोशाले सामना गर्नुपरेको थियो सो हामीलाई थाहा छ। यहि

चुनौतीहरूको सामना गर्न परमेश्वर उनको साथमा हुनुहुन्छ भन्ने प्रत्याभूति भएको थियो।

यहाँ पनि परमेश्वरको आराधना तथा उपासना गर्ने शैलीको महत्वपूर्ण बुँदालाई औँल्याइएको पाउँछौँ। आराधना परमेश्वरको बारेमा हुनुपर्दछ। नम्र भएर उहाँमाथि हाम्रो आस्था राख्नु पर्दछ। हामीहरूले उहाँलाई सारा हृदयले समर्पण गर्नुपर्दछ। उहाँको बारेमा अझ जान्न हामी प्रयास गर्नुपर्छ। उहाँको मार्गमा हिंड्न हामी सिकिरहनु पर्दछ (प्रस्थान ३३:१३)।

परमेश्वरलाई तपाईंले कत्तिको राम्ररी चिन्नुहुन्छ? तपाईंले अहिले थाहा पाएको भन्दा येशूलाई राम्ररी चिन्न अरू के के निर्णयहरू तपाईंको सामु खडा भएका छन्? परमेश्वरको बारेमा अझ राम्ररी बुझ्न र उहाँको महिमा गर्न अझ सिक्न उहाँको आराधना कसरी गर्ने? याद गर्नुहोस्, तपाईंले देखाउने भक्ति तथा उपसना गर्ने शैलीले तपाईंको घनिष्टता परमेश्वरसँग कस्तो छ भनेर देखाउँदछ।

## उपसंहारः

थप जानकारीको निम्ति पढ्नुहोस्ः एलेन जी, ह्वाइटका पुस्तक *पाट्रियार्क एण्ड प्रोफेटस*का देहायका पृष्ठहरूः पृ. ३०३-३१४को “द ल गिभन टु इस्रायल,” पृ. ३१५-३३०को “आइडोलेटरी आट साइनाई,” पृ. ३३१-३४२को “सैतानस् एनिमिटी एगेन्स्ट द ल,” र भजन १०५:२६-४५, भजन ११६:८-२३।

“जब मानिसहरू परमेश्वरको सामु आराधनाको निम्ति आउँछन् तब उनीहरू भक्तिभाव र श्रद्धाभाव साथै अत्यन्त नम्र भएर आउनु पर्दछ। असली विश्वास अर्थात् आस्थाद्वारा येशूको नाउँमा हामी परमेश्वरको सामु खडा हुनसक्छौं। तर उहाँलाई हामी सरहका व्यक्तित्व नै त हुन भनेर व्यवहार गर्नुहुन्न। कति मानिसहरूले त्यस महान् तथा शक्तिशाली परमेश्वरलाई आफू सरह वा आफू भन्दा निच थानेर सम्वोधन गर्छन् (जसरी नेपालीमा “तँ” “तेरो” भनेर परमेश्वरलाई

सम्वोधन गरेको पाउँछौं)। कति मानिसहरूले त संसारका राजा तथा वडा हाकिमको अगाडि नअपनाउने अशिष्टता परमेश्वरको भवनमा अपनाएको पाउँछौं। त्यस परमेश्वरका सामु तिनीहरू उभिरहेका छन् जसलाई स्वर्गदूतहरूले पूजा गर्दछन् र उहाँको अगाडि घुम्टो लगाउँछन् भन्ने कुरालाई तिनीहरूले ख्याल गर्नुपर्छ। अत्यन्त गहिरो श्रद्धाभक्तिसाथ परमेश्वरलाई व्यवहार गर्नुपर्दछ र त्यसै अनुसार उहाँको उपासना पनि गर्नुपर्दछ। जो मानिसहरू परमेश्वरको उपस्थितिलाई सत्यतासाथ बुझ्दछन् तिनीहरूले उहाँको अगाडि नम्र भएर शिर झुकाउँदै उहाँको उपासना गर्दछन्।" एलेन जी. ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. २५२बाट रूपान्तरित।

"परमेश्वरको असिमित महानता र उहाँको उपस्थितिको आत्मज्ञानलाई बुझ्ने मानिसहरू प्रेरणाले भरपुर भएर उहाँको आदर तथा सम्मान गर्दछन् अदृष्य परमेश्वरको उपस्थितिको भावनाले भावविभोर हुने प्रत्येक व्यक्तिको हृदयमा उहाँको गहिरो छाप हुनुपर्दछ। प्रार्थना गर्ने समय र स्थान पवित्र छन भनेर मान्नुपर्दछ, कारण किनभने त्यहाँ परमेश्वरको उपस्थिति हुन्छ। जब स्वर्गदूतहरूले परमेश्वरको बारेमा कुरा गर्छन् तब तिनीहरूले आफ्नो अनुहारहरूलाई घुम्टोले छोप्दछन्। यदि स्वर्गदूतहरू त्यसरी उहाँको अगाडि आउँछन् भने हामी पतित र पापी मानिसहरू झन उहाँकहाँ कसरी आउनु पर्दछ?" –एलेन जी. ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस्,* पृ. ४८, ४९बाट रूपान्तरित।

**चिन्तनमनन्:**

क. परमेश्वरका देहायका चरित्र वा स्वभावको बारेमा बिचार गर्नुहोस्ः हाम्रो सामु उहाँको नजिकता, महानता र पवित्रता। जब हामी उहाँको आराधना गर्न आउँछौं तब परमेश्वरका ती सत्य गुणहरूलाई औंल्याऔं र हाम्रो आराधना गर्ने शैलीमा सन्तुलनता ल्याउन प्रयास गरौं।

ख. इस्रायलीहरूले पूजा गरेका सुनको बाछो र कपोलकल्पित

देवीदेवताहरूको पूजा गर्दा आएका दुःखद कथाहरूको बारेमा हामी के सिक्नसक्छौं? तपाईंको समाजमा कस्ता खालका मूर्तीहरूलाई पूजा गर्दछन्? आजको चर्चको सन्दर्भमा र बिषेशगरी येशूको आगमनको निम्ति पर्खीरहेका सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति ती कथा कतिको सान्दर्भिक छन् त?

ग. हामीहरूका आराधना शैली कस्ता छन्? के हाम्रा आराधना शैलीले परमेश्वरको महानता, महिमा र शक्तिलाई बुझाउँछन् र? वा त्यसले परमेश्वरलाई हाम्रो सहर ल्याउँछन्?

घ. परमेश्वरलाई चिन्नु भनेको के हो? यदि कसैले तपाईंलाई सोधे रे, “परमेश्वरलाई तपाईंले कसरी चिन्नुभएको छ?” त्यसलाई तपाईंले कसरी जवाफ दिने? अर्को शव्दमा भन्ने हो भने मानवजातीले परमेश्वरलाई व्यक्तिगत रूपमा कसरी चिन्ने?